मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २४५ • २०८३ साल श्रावण २६ गते मंगलबार • Tuesday 11, August 2026 • सूर्योदय: बिहान ०५:२२ बजे • सूर्यास्त: साँझ ०७:०१ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## विद्यालयको नवनिर्मित भवन उद्घाटन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–७ स्थित रामजानकी माध्यमिक विद्यालयको नवनिर्मित भवनको आइतबार उद्घाटन गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले नवनिर्मित भवनको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मेयर साहले उपमहानगरपालिकाले शिक्षा, स्वास्थ्य, सौन्दर्यीकरण तथा सरसफाइलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । विद्यालयमा थप कक्षाकोठा निर्माण भएपछि विद्यार्थीलाई अध्ययनका लागि सहज वातावरण सिर्जना हुने उनको भनाइ थियो । जानकी नगरमा रहेको विद्यालयको नयाँ भवन तथा कक्षाकोठाले विद्यार्थीको पठनपाठनमा सहजता ल्याउनुका साथै विद्यालयको शैक्षिक वातावरण सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । वडा नम्बर ७ का बोर्ड अध्यक्ष नीरजकुमार साहको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा उपमहानगरपालिकाको शिक्षा शाखा प्रमुख अञ्जु पाण्डे, इन्जिनियर शम्भु साह, जीवछ साह तथा बोर्ड सदस्य फूलकुमारी महतो लगायतको उपस्थिति थियो ।
स्थानीय तहले विद्यालयको भौतिक पूर्वाधारमा गरेको लगानीले विद्यार्थीको सिकाइ वातावरण सुधार हुनुका साथै गुणस्तरीय शिक्षाका लागि आवश्यक आधार तयार हुने अपेक्षा गरिएको छ ।



**गलेश्वरधाममा भक्तजनको भीड:** म्याग्दीको बेनी नगरपालिका–९ स्थित गलेश्वर मन्दिरमा सोमबार पूजाआजाका लागि आएका भक्तजनहरूको घुइँचो । कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको विशाल चट्टानमाथि अवस्थित गलेश्वरमा साउन महिनाका सोमबारका दिन धार्मिक मेला लाग्ने गर्छ । रासस

## माबेबि तथा ओसारपसार एवं जजक कसुरमा रेड नोटिस जारी भएका राईन कतारबाट पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ।**
मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीसम्बन्धी कसुरमा रेड नोटिस जारी भएका एक व्यक्ति कतारबाट पक्राउ परेका छन् । धनुषाको धनौजी गाउँपालिका–५ का मो. ताहिर राईनलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास तथा पक्राउका लागि इन्टरपोलमार्फत रेड नोटिस जारी गरिएको थियो।
नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागअन्तर्गतको इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयले सन् २०२६ जुलाई २८ मा राईनविरुद्ध रेड नोटिस जारी गरेको थियो । इन्टरपोल शाखा र एनसीबी दोहा, कतारबीचको समन्वयमा




राईनलाई कतारमा पक्राउ गरिएको हो।
पक्राउ परेका राईनलाई कतार एयरवेजको उडानमार्फत सोमबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ल्याइएको थियो । विमानस्थलमा इन्टरपोल शाखा (एनसीबी काठमाडौं) बाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको थियो । त्यसपछि आवश्यक कानुनी कारबाहीका लागि राईनलाई जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको नेपाल प्रहरीले जनाएको छ।

## वडाध्यक्ष साहको निधन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–६ का वडा अध्यक्ष दिनेशप्रसाद साहको निधन भएको छ। आज बिहान ५ बजे उनको असामयिक निधन भएको हो। उपमहानगरपालिकाले उनको निधनमा शोक संदेश जारी गर्दै सोमबार एक दिनका लागि अत्यावश्यकबाहेकका सम्पूर्ण सरकारी सेवा बन्द गरेको जनाएको छ।
उपमहानगरपालिकाका अधिकृत दशौं मेहीलाल यादवले जारी गरेको शोक संदेशमा कार्यालय तथा मातहतका सबै वडा कार्यालयका सेवा बन्द रहने उल्लेख छ। उपमहानगरपालिकाले दिवंगत साहप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ।

## ग्यासको आपूर्ति सहज बनाउन सरकारको पहल

**मधेशदृष्टि**
**काठमाडौँ।**
देशका विभिन्न ठाउँमा खाना पकाउने एलपी ग्यासको अभाव देखिएपछि सरकारले आपूर्ति सहज बनाउन पहल थालेको छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसनसँग ग्यासको कोटा बढाउन माग गरेको जनाएको छ।
यसअघि मासिक झण्डै ४९ हजार ५ सय मेट्रिक टन ग्यास माग गर्दै आएकोमा बढीमा ४५ हजार मेट्रिक टन मात्रै आयात हुने गरेको थियो । पछिल्लो समय बजारमा अभाव बढेपछि निगमले झण्डै ५५ हजार मेट्रिक टन ग्यास माग गरेको छ । यसैबीच देशभर ग्यासको अभाव बढेपछि सरकारले अनुगमन तीव्र पारेको छ । गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा काठमाण्डौका विभिन्न ग्यास डिपोमा सादा पोसाकका प्रहरी परिचालन गरिएको छ । ग्यास लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने तथा तोकिएको मूल्यभन्दा बढीमा बिक्री गर्नेलाई तत्काल कारबाही गर्ने सरकारले चेतावनी दिएको छ।

## ब्राउन सुगरसहित भारतीय युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका –१४ कृष्णा प्रणामी चोकबाट लागुऔषध ब्राउन सुगरसहित प्रहरीले एक जना भारतीय युवकलाई पक्राउ गरेको छ । कृष्णा प्रणामी चोक स्थित सडकबाट भारत, मोतिहारी पटोका श्रीपुर ग्राम पञ्चायत –०१ बस्ने २५ वर्षीय शत्रुधन पासवानलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।
शंकाको आधारमा शरीर खानतलासी गर्दा १६.५७ ग्राम ब्राउन सुगर पासवानको शरिरबाट बरामद भएको प्रहरीले जनाएको छ।

## सक्खर तस्करी अनुसन्धानका लागि उखु क्रसर उद्योगका संचालक प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**
भारतसँग सीमा जोडिएको पर्साको जिराभवानी गाउँपालिका–१, बलुवा टोलस्थित आविद उखु क्रसर उद्योगका सञ्चालक सेख गैसुदिनलाई सक्खर तसकरीमा विशेष अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्साले नियन्त्रणमा लिएको छ। भारतीय सीमावर्ती बजार भाङ्गाहाबाट अवैध रूपमा भन्सार छलेर सक्कर ओसारपसार गरेको आरोप छ।
विशेष सूचनाका आधारमा खटिएको संयुक्त सुरक्षा टोलीले विभिन्न स्थानमा छापा मारी कुल ३१ बोरा अवैध सक्कर बरामद गरेको थियो। जिल्ला प्रहरी कार्यालय पर्साका अपराध नियन्त्रण टोली, सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प जिराभवानी, प्रहरी चौकी महादेवपट्टी, इलाका प्रहरी कार्यालय पटेर्वा सुगौली र प्रहरी चौकी सुवर्णपुरको संयुक्त टोलीले छापा मारेको थियो।
संयुक्त कारबाहीका क्रममा शेख गैसुद्धिनको उखु क्रसर उद्योगबाट १६ बोरा र सुवर्णपुर क्षेत्रबाट १५ बोरा गरी ३१ बोरा सक्कर बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। उद्योग हाल बन्द भई उद्योग परिसरमा घाँस समेत उम्रिसकेको छ। तर सोही उद्योगको सक्कर रहेको गैसुद्धिन पक्षको भनाई छ भने।
स्थानीय प्रत्यक्षदर्शीका अनुसार भारतको भाङ्गाहा बजारबाट भन्सार छली ल्याइएको सक्कर सोझै क्रसर उद्योगमा पु¥याइएको भिडियो क्लिप समेत सार्वजनिक भएको छ। भिडियोमा मिल सञ्चालक स्वयं देखिएकाले प्रहरीले सञ्चालक लाई नै नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ।

## क्रिटिकल केयर तथा ट्रमा सेन्टर ढल्केबरमा नै बन्ने स्वास्थ्यमन्त्रीको स्पष्टोक्ति

**मधेशदृष्टि**
**काठमाडौँ।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले धनुषाको ढल्केबरमा नै प्रस्तावित क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण हुने स्पष्ट पारेकी छिन् । सभामुख डिपी अर्यालको निर्देशन पछि सोमबार प्रतिनिधि सभामा जवाफ दिँदै मन्त्री मेहताले ढल्केबहरमा नयाँ संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले तत्कालका लागि लहानस्थित प्रादेशिक अस्पतालमा ट्रमा युनिट सञ्चालन गर्न लागिएको बताइन्।
लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान, आवश्यक चिकित्सकीय जनशक्ति, पर्याप्त बिरामीको चाप तथा ब्लड बैङ्कलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार रहेकाले तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय गरिएको मन्त्री मेहताको भनाई थियो ।



उनले लहानमा ट्रमा युनिट सञ्चालन गर्नु ढल्केबर ट्रमा सेन्टरको विकल्प नभएको स्पष्ट पार्दै नयाँ संरचना निर्माण सम्पन्न नहुँदासम्म नागरिकलाई तत्काल उपचार उपलब्ध गराउने अन्तरिम तथा व्यावहारिक व्यवस्था भएको बताइन् । ढल्केबरमा निर्माण भइरहेको संरचनालाई अगाडि बढाउन तथा उपलब्ध पूर्वाधारबाट तत्काल नागरिकलाई सेवा उपलब्ध गराउने वातावरण बनाउन जनप्रतिनिधि र सम्बन्धित सबै पक्षलाई सहयोग गर्नसमेत उनले आग्रह गरिन्। यसैविच धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर बन्नुपर्ने माग गर्दै पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरिएको छ।
ट्रमा सेन्टर संरक्षण संघर्ष समितिको आह्वानमा जारी आन्दोलनको सोमबार पाँचौ दिन स्थानीयवासी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिसहितको सहभागितामा आधा घण्टा राजमार्ग अवरुद्ध गरिएको हो। बिहान ११ बजेदेखि ११: ३० बजेसम्म राजमार्ग अवरुद्ध गर्दै सरकारविरुद्ध नाराबाजी गरिएको छ।
प्रस्तावित ठाउँमै ट्रमा सेन्टर बन्नुपर्ने माग राख्दै गत शुक्रवार देखि संघर्ष समितिले चरणबद्ध आन्दोलन घोषणा गरेको थियो । बुधबार सदनमा स्वास्थ्यमन्त्री निशा मेहताले ट्रमा सेन्टर लहानमा बन्ने जानकारी गराएकी थिइन् । आन्दोलन सुरु भएपछि संसदमा जवाफ दिंदै मन्त्री मेहताले अस्पताल ढल्केवहरमा नै बन्ने बताइन्। स्वस्थ्यमन्त्रीको दुइवटा कुरा आएपछि झन स्थनीय बासिन्दा सशंकित बनेकाछन् । भोलि पनि बिहान ११ बजेदेखि १२ बजेसम्म र २७ गते बिहान ११ बजेदेखि १ बजेसम्म चक्काजामको कार्यक्रम रहेको संघर्ष समितिका संयोजक समेत रहेका मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए।

## मिटरब्याज पीडितको गुनासो: ऋण तिरे पनि दृष्टिबन्धकमा राखेको जग्गा फिर्ता पाएनौँ




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा मिटरब्याज तथा अनुचित लेनदेनबाट पीडित भएको दाबी गर्ने व्यक्तिहरूले ऋणको साँवा–ब्याज चुक्ता गरिसक्दा पनि दृष्टिबन्धकमा राखिएको आफ्नो जग्गा फिर्ता नपाएको गुनासो गरेका छन्। उनीहरूले जग्गा फिर्ता गरिदिने भन्दै वर्षौंसम्म झुलाएको र पछि आफूहरूको जग्गा बिक्री भइसकेको थाहा पाएपछि थप समस्यामा परेको बताएका छन्।
अनुचित लेनदेन, मिटरब्याज तथा ठगीसम्बन्धी मुद्दामा पक्राउ परेका जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साह, उनकी श्रीमती ४८ वर्षीया रेखा साह र छोरा ३२ वर्षीय हरेराम साहबाट पीडित भएको दाबी गर्ने नौ जना सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक रूपमा अगाडि आएका हुन् । पीडितहरूका अनुसार उनीहरूले विभिन्न समयमा गोपाल साह, रेखा साह र हरेराम साहसँग ऋण लिएका थिए । ऋणबापतको रकम तथा ब्याजसमेत तिरेर दृष्टिबन्धकमा राखिएको जग्गा फिर्ता माग्दा साह परिवारले ‘भोलि–पर्सि’ भन्दै लामो समयसम्म झुलाएको उनीहरूको आरोप छ।
जग्गा फिर्ताका लागि पटक–पटक ताकेता गर्दा पनि विभिन्न बहाना बनाएर समय

बाँकी पृष्ठ ३

## ६ करोड बजेट विनियोजन



धनुषाको मिथिला नगरपालिका–ढल्केवरमा प्रदेशस्तरीय क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण हुने भएको छ । ट्रमा सेन्टर ढल्केवरबाट अन्यत्र सारिने चर्चा चलिरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ढल्केवरमै सेन्टर निर्माण गर्ने स्पष्ट पारेको हो । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि ६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। पूर्व–पश्चिम राजमार्गमा हुने सवारी दुर्घटनामा गम्भीर घाइते हुनेलाई तत्काल विशेषज्ञ उपचार उपलब्ध गराउने उद्देश्यले ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्न लागिएको हो।
ट्रमा सेन्टर अन्यत्र सार्न लागिएको

बाँकी पृष्ठ ३

सम्पादकीय

# रगताम्ये चप्पलले सोधेको प्रश्न

सुनसरीको देवानगञ्ज–३, कप्तानगञ्जमा १० साउनको राति एउटा चप्पल रगताम्ये भयो । त्यो चप्पल कुनै प्रदर्शनको तयारी गरेर लगाइएको थिएन, न त कुनै राजनीतिक मञ्चमा उभिनका लागि । स्थानीय ओमप्रकाश मेहता खाना खाएर सुत्न लागेका बेला गाउँमा झडप भएको खबर सुनेर हतारिँदै चोक पुगेका थिए। चप्पलमै पुगेका उनी प्रहरीको गोली लागेर ढले।

चप्पल रगतले भिज्यो, उनी अस्पताल पुग्न नपाउँदै मृत घोषित भए। त्यो चप्पल अहिले एउटा वस्तु मात्र रहेन। त्यो मधेशको प्रश्न बनेको छ । काठमाडौको जेनजी आन्दोलनमा रगतले लतपतिएको जुत्ता विद्रोहको प्रतीक बन्यो । सामाजिक सञ्जालदेखि सार्वजनिक बहससम्म त्यो जुत्ताले नयाँ पुस्ताको आक्रोश र परिवर्तनको चाहना बोकेको विम्बका रूपमा स्थान पायो।

तर कप्तानगञ्जको रगताम्ये चप्पलले त्यस्तो राष्ट्रिय स्थान पाएन। किन ? के त्यसको कारण चप्पल सस्तो हुनु हो? कि त्यो मधेशको नागरिकले लगाएको हुनाले हो ?

मधेशमा चप्पल केवल गरिबीको परिचय होइन । यो खेतको आलीदेखि बजारसम्म, गाउँदेखि सदरमुकामसम्म र दैनिक श्रमदेखि आन्दोलनको सडकसम्म साथ दिने जीवनको साथी हो। मधेशका हजारौँ नागरिकका खुट्टामा रहेका यिनै चप्पलले वर्षौंदेखि अधिकार, समानता र न्यायको बाटो नापेका छन्। त्यसैले कप्तानगञ्जको रगताम्ये चप्पललाई एउटा मृतकको व्यक्तिगत सामानका रूपमा मात्र हेर्नु इतिहास र वर्तमान दुवैसँग अन्याय हुनेछ।

त्यो चप्पलले राज्यलाई कठोर प्रश्न सोधेको छ—मधेशका नागरिकको जीवनको मूल्य कति हो ? काठमाडौंमा भएको आन्दोलन राष्ट्रिय सरोकार बन्छ। राजधानीका सडकमा उठेको आवाज सत्ताको कानसम्म छिटो पुग्छ। तर मधेशका गाउँमा भएको गोलीकाण्ड, मृत्यु र पीडाले राष्ट्रिय बहसमा स्थान पाउन किन संघर्ष गर्नुपर्छ? सिंहदरबारबाट केही किलोमिटर टाढाको आक्रोश सुनिन्छ, तर राजधानीबाट केही सय किलोमिटर टाढाको नागरिकको चित्कार किन मधुरो सुनिन्छ ? यही विभेदको अर्को नाम हो कप्तानगञ्ज।

सरकार र पीडित परिवारबीच सहमति भयो। तर सहमति कागजमा सीमित भयो भने त्यसको अर्थ के रहन्छ ? राज्यले आफैँ गरेको प्रतिबद्धता कार्यान्वयन गर्न नसक्नु केवल प्रशासनिक कमजोरी होइन, पीडितप्रतिको अपमान हो। अझ काठमाडौंमा उपचारका क्रममा मृत्यु भएका रविन्द्र मेहताको शव परिवारले नबुझ्नुले समस्या अझ गम्भीर बनाएको छ।

परिवार शवसँगै न्यायको माग गरिरहेको छ भने राज्य सहमतिको कार्यान्वयनबाट किन पन्छिरहेको छ ? राज्यको शक्ति नागरिकलाई दबाउन होइन, नागरिकको जीवन र अधिकार जोगाउन प्रयोग हुनुपर्छ। गोली चलाउने अधिकारभन्दा ठूलो जिम्मेवारी त्यसको औचित्य पुष्टि गर्ने हो। तीन नागरिकको ज्यान गएको घटनामा निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र पीडितसँग भएको सहमतिको पूर्ण कार्यान्वयनबिना न्यायको अध्याय बन्द हुन सक्दैन।

कप्तानगञ्जको चप्पललाई गुमनाम हुन दिनु हुँदैन। किनकि त्यो चप्पल ओमप्रकाशको मात्र होइन—मधेशको श्रम, अपमान, आक्रोश र न्यायको यात्राको प्रतीक हो। काठमाडौंको जुत्ता विद्रोहको आइकन बन्न सक्छ भने मधेशको रगताम्ये चप्पल पनि प्रश्नको आइकन बन्नुपर्छ। त्यो चप्पलले राज्यलाई सम्झाइरहेको छ सत्ता बदलिन सक्छ, सरकार बदलिन सक्छ, तर नागरिकको रगतको हिसाब कहिल्यै पुरानो हुँदैन।

# कुष्माण्ड सरोवर त्रिवेणीधाम– धार्मिक पर्यटकीय गन्तव्य



वासुदेव पौडेल

बागमती, २५ साउनः हेटौँडास्थित रत्नावती (राप्ती), कर्णावती (कर्रा) र कौषबाहिनी (कुख्रेनी)को त्रिवेणी यतिखेर कुष्माण्ड सरोवर त्रिवेणीधामका रुपमा चासो र चर्चा कमाएको छ। पहिला केबल अन्तिम संस्कारका लागि मात्र आउने गरिएको यो ठाउँ डेढ दशकको अन्तरालमा दिव्यधामका रुपमा परिणत भैसकेको छ । छोटो समयमा आमूल परिवर्तन भएको यहाँको विकास र परिवर्तन आज जुनसुकै ठाउँका लागि पनि अनुकरणीय बनेको छ। सत्य युगमा कुष्माण्डा भगवतीले यही ठाउँमा तपस्या गरी विष्णु भगवान्बाट सिद्धी प्राप्त गरेको धार्मिक विश्वास रही आएको कुष्माण्डा भगवती मन्दिरका पुजारी कृष्णप्रसाद बरालले जानकारी दिए। पछिल्ला वर्षमा यस तीर्थस्थलमा विभिन्न विशेष चाडपर्व, तिथिमितिका साथै हरेक वर्षको कात्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी)मा हजारौँ संख्यामा दर्शनार्थी आउने गरेको उनले बताए । उनका अनुसार हेटौँडा आसपासका दर्शनार्थीसँगै बारा, पर्सा, रौतहट, पोखरा, काठमाडौँ, चितवनलगायतका स्थानबाट दर्शनार्थी आउने गरेका छन्।

कार्तिक शुक्ल नवमीका दिन यहाँ कुभिण्डो दान गरिने बताउँदै उनले केही वर्ष अघिसम्म उक्त दिन झण्डै ७०० सम्म कुभिण्डो चढाउने गरिएको जानकारी दिए । उक्त दिनमा यहाँ आएर कुभिण्डो दान गरेमा पुण्य प्राप्त हुने जनविश्वास रहेको उनले बताए। यो क्षेत्र विगतमा केबल अन्तिम संस्कारका लागि मात्र आउने स्थल रहेकामा पछिल्लो डेढ दशकको निरन्तरको प्रयासले यो दिव्यधाममा परिणत बनेको कुष्माण्ड सरोवर त्रिवेणीधाम व्यवस्थापन समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिए। धाम निर्माणका लागि न्यौपानेको निरन्तरको लगाव र समर्पणसँगै स्थानीयवासी र राज्यका विभिन्न तह र निकायको योगदान रही आएको छ । २०४९ सालमा हेटौँडा–९ को वडा सदस्य तथा २०५४ मा वडा अध्यक्षको जिम्मेवारी सम्हालेका न्यौपानेलाई यस ठाउँमा केही काम गर्नुपर्छ भन्ने सोच जागेसँगै उनको निरन्तरको नेतृत्वदायी भूमिकाबाट यो स्थल दिव्यधामका रुपमा परिणत बनेको यहाँका स्थानीयवासी बताउँछन्।

यो धाम धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यको समेत सङ्गम भएको बताउँदै न्यौपानेले पूर्वाधार विकासका साथै यहाँ धार्मिक महत्वलाई उजागर गरी देशकै प्रमुख धार्मिक पर्यटकीय तीर्थस्थलका रुपमा विकास गर्ने योजना राखिएको बताए। यस तीर्थस्थलमा आइसकेपछि भक्तजनहरू यहाँ रहेका १०८ वटा गाईको मुखबाट झरिरहेका धारा (गौमुखी धारा) मा स्नान गरेर मात्रै यहाँको अन्य पूजा शुरु गर्दछन् । यो धाम निर्माण हुनुमा त्यस अघिका विभिन्न घटनाक्रमहरू यसको पृष्ठभूमिका रुपमा जोडिएको उनको भनाइ छ । उनका अनुसार २०४५ सालमा हेटौँडाको क्याम्पा डाँडामा योगी नरहरिनाथले कोटिहोम लगाउने क्रममा यस स्थानको महत्वबारे चर्चा गर्नुभएको थियो। त्यसयता विभिन्न धार्मिक तथा सामाजिक व्यक्तिहरूको सुझाव तथा सल्लाहअनुरुप हाल रहेको स्थान पहिचान गरी २०६७ जेठ ५ गते तत्कालीन पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा माधवप्रसाद भट्टराईबाट यहाँस्थित १०८ गौमुखी धाराको शिलान्यास गरिएको उनले बताए । सोही वर्ष कात्तिक २९ गते कार्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी) का दिन १०८ धारामा पानी ल्याइएको थियो । शुरुमा प्लास्टिकका पाइपको धाराबाट जलप्रवाह गराइएकामा पछि तिनै स्थानमा आकर्षक गौमुख तयार गरी २०६७ माघ १ गतेदेखि गौमुखी धाराबाट जलप्रवाह गराउँदै स्नानको व्यवस्था गराइएको थियो।

विसं २०६७ असोज २२ गते घटस्थापनाका दिन कुष्माण्ड भगवती स्थापना र नवरात्रि पूजा तथा जमरा राखेर सुरुआत गरिएकोमा २०७० सालमा भगवती मन्दिरको निर्माण कार्य सम्पन्न भएको थियो। यस धामकै कारण यहाँ नदी आसपासको हजार मिटरभन्दा बढी क्षेत्र तटबन्धन भइसकेको छ। यस धाममा हाल शिवालय, यज्ञकुण्ड, नागस्थान, स्वचालित बुद्ध दर्शनस्थल, हेडम्बा नगरीको इतिहास झल्काउने संरचना, सङ्ग्रहालय, फूल बगैंचा, वृत्तचित्र प्रदर्शनस्थल, मनोरेल आदि रहेका छन्। त्रिवेणीधामको महिमा स्कन्दपुराणको हिमवत्खण्ड, महाभारतको आदि पर्व र वन पर्व, वराह तथा वायु पुराणहरूमा उल्लेख गरिएको छ। कुष्माण्ड नवमीको दिन यहाँ स्नान गरी कुभिन्डो दान गर्नका लागि हेटौँडालगायत बाहिरका अन्य जिल्लाबाट दर्शनार्थी आउने गर्दछन् । यहाँ १०८ धारामा स्नान गरी कुभिण्डो दान गरेमा पुण्य प्राप्त हुने जनविश्वास रहिआएको छ । द्वापरयुगको अन्त्यतिर पाण्डवहरू गुप्तवास बस्ने क्रममा यही त्रिवेणीमा स्नान गरेको स्कन्द पुराणमा उल्लेख गरिएको छ । अम्वऋष राजाले भगवान् विष्णुको आज्ञाले १०८ धारामा स्नान गरी सन्तान लाभ भएकोलगायत रोग निदान भएको धर्मशास्त्रमा उल्लेख हुनुले पनि यहाँको धार्मिक महत्वलाई अझै उजागर गरेको न्यौपानेको भनाइ छ। यस पौराणिक मान्यताका आधारमा यहाँ हरेक वर्ष मकरमेला लाग्ने गरेको बुढापाका बताउँछन्।

पाण्डवहरूले स्नान, सन्ध्या, तर्पण, दान आदि गरी देवीदेवताको आराधना गरेको धार्मिक विश्वाससँगै माता कुष्माण्ड भगवतीले तपस्या गरी सिद्धी प्राप्त गरेको आदि धार्मिक मान्यता र विश्वासले पनि यहाँको महिमा र गरिमा अझै चुलिएको हो । २०५०÷५१ साल अघिसम्म गाईवस्तु चराउन आउने मानिसहरू पनि यहाँ मसान लाग्ने भन्दै सतर्क भएर आवतजावत गर्ने गर्दथे । अभियन्ता न्यौपानेको निरन्तरको लगावसँगै सङ्घ, प्रदेश र स्थानीय तहको सहयोग र दाताहरूको साथ र सहयोगले यो क्षेत्र वर्तमानमा दिव्यधामका रुपमा परिणत भएको हो। पछिल्ला डेढ दशकमा सङ्घ, प्रदेश र स्थानीय तह सबैको साथ र सहयोगमा यस धामको विकासको गति अघि बढेको हेटौँडा उपमहानगरपालिका–९ का वडाध्यक्ष सुकराम केसीले बताए । धाम नजिकै रहेको कर्रा खोलामा पुल नहुँदा दर्शनार्थी समस्यामा परिरहेको अवस्थालाई दृष्टिगत गर्दै यसै वर्ष उक्त स्थानमा पुल निर्माण गर्ने गरी तयारी भइरहेको उनले बताए । 'यस स्थललाई महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य बनाउने सोचका साथ सबैको साथ र सहयोग एवं सहकार्यमा कामहरू अघि बढेका छन्', उनले भने।

पूर्वाधार विकासले पनि आकर्षण बढाउँदै यस धाममा कलात्मक १०८ गौमुखी धारासँगै निर्मित कुष्माण्ड सरोवरमा बोटिङ, सिसमहल पार्क आदि प्रमुख आकर्षण हुन् । यहाँ हेटौँडाको स्थापनाकालीन इतिहास झल्काउने हेडम्बा नगरीको आकृति निर्माण गरिएको छ। यहाँ हेटौँडा नामकरणसँग प्रत्यक्ष जोडिएको इतिहास बुझाउने गरी पाँच पाण्डवको आकृतिसहित हिडम्बालाई भीमसेनले आक्रमण गरिरहेको कलात्मक स्वरुप निर्माण गरिएको छ । त्यस्तै, पार्कको भित्री भागमा अवस्थित सिसमहल यहाँको अर्को आकर्षणको केन्द्र हो । सिसमहलमा पाण्डव दाजुभाईले भगवतीलाई परिक्रमा गरिरहेको देख्न सकिन्छ । पार्क परिसरमा नै रहेको भवनभित्र देशका विभिन्न स्थानमा रहेका मन्दिर तथा त्यहाँका मूर्तिहरू झल्काउने गरी निर्माण गरिएका संरचनाले यहाँ आउने जो कोहीलाई लोभ्याउँछ।

यहाँभित्र डडेल्धुराको घटोत्कच मन्दिर, मकवापुरको वंशी गोपाल मन्दिर, चुरियामाई, भुटनदेवी, सुनसरीको बराह क्षेत्र, देलखाका भीमसेन, काभ्रेका पलाञ्चोक भगवती, काठमाडौँको दक्षिणकाली, स्वयम्भु बुढानीलकण्ठ, पशुपतिनाथ, लुम्बिनीको मायादेवी, मुस्ताङको मुक्तिनाथ, तनहुँको देवघाट, बाजुराको बडीमालिका, प्युठानको स्वर्गद्वारी, ताप्लेजुङको पाथीभरा, बाराको गढीमाई आदि मन्दिर तथा मूर्तिहरू राखिएको पाइन्छ। यसैको भित्री भागमा नेपालको नक्सा बोकेको नेपाल धर्तीमाताको मूर्ति यहाँका प्रमुख आकर्षणहरु हुन् । त्यस्तै, परिसरमा हेटौँडा उत्पत्ति, महत्व, पाँच पाण्डव सन्दर्भको इतिहास समेटेर वृत्तचित्र बनाइएको छ भने बुद्धको स्वचालित आकर्षक मूर्ति राखिएको छ । हेटौँडा उपमहानगरपालिकाको सहयोगमा पार्क क्षेत्रमा बालबालिकाका लागि मनोरेल पनि तयार भइसकेको छ।

धामको दिगो सञ्चालनलाई लक्षित गरी अक्षयकोष स्थापना गरिएको उनले जानकारी दिए। २०७० माघमा बालसन्त मोहनशरणले दिनुभएको एक हजार १०० रुपैयाँबाट अक्षयकोष स्थापना सुरु गरिएको जानकारी दिँदै उनले त्यसयता हालसम्म कोषमा ५० लाख रुपैयाँ जम्मा भइसकेको जानकारी दिए। मन्दिर तथा परिसरको व्यवस्थापनका लागि १० जना कर्मचारी नियमित खटिरहेको र उनीहरूको सेवासुविधा तथा कार्यालयको व्यवस्थापनसमेत गरी मासिक दुई लाख रुपैयाँ खर्च लाग्ने गरेको उनले जानकारी दिए । धामभित्र सिसमहल, स्वचालित बुद्धको मूर्ति, नेपाल धर्तीमाताको मूर्तिसहितका विभिन्न मूर्तिहरू अवलोकन गर्नका लागि ६० रुपैयाँ टिकट दस्तुर लिने गरिएको छ। हालै निर्माण सम्पन्न भएको बालबालिकाको विद्युतीय मनोरेलका लागि थप ६० रुपैयाँ टिकट दस्तुर निर्धारण गरिएको छ । धामभित्रका विभिन्न पूर्वाधार निर्माणका लागि हालसम्म करिब छ करोड रुपैयाँ खर्च भइसकेको उनले बताए। धामको दिगो सञ्चालनसँगै यहाँ गुरुकुल स्थापना गर्ने सोचसमेत राखिएको उनको भनाइ छ । रासस

# विद्युतीय सवारीसाधनको मोह बढ्दै

हिमाल लम्साल

**काठमाडौँ।**
सरकारले विद्युतीय सवारीलाई प्रोत्साहन गर्ने नीति लिएपछि ग्राहकहरुको रोजाईमा विद्युतीय सवारीसाधन पर्दै आइरहेको छ । पेट्रोलियम पदार्थको भन्दा निकै कम खर्च लाग्ने, वातावरण अनुकूल र स्वास्थ्यका पनि राम्रो भएसँगै सर्वसाधारण विद्युतीय सवारीसाधनतर्फ आकर्षित भइरहेका छन्। राज्यको पेट्रोलियम पदार्थको निर्भरता घटाउदैँ कर तथा वित्तीय प्रोत्साहनका उपाय र सहज लगानीका कारण पनि आयातसँगै सर्वसाधारण ग्राहकको रोजाइमा पर्दै आइरहेको छ । पूर्वाधार विकास मन्त्रालयले हालसालै सार्वजनिक गरेको राष्ट्रिय यातायात नीति २०८३ मा नेपालमा हाल आयात हुने निजी कारहरुमध्ये विद्युतीय सवारीसाधनको हिस्सा ७० प्रतिशतभन्दा बढी रहेको औंल्याएको छ । नयाँ सवारीसाधनको बिक्री क्षेत्रमा विद्युतीय सवारीसाधनको बजार हिस्सा आधारमा नेपाल विश्वमै दोस्रो स्थानमा पर्न सफल भएको छ। जुन नर्वेभन्दा मात्र पछाडि हो । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष ध्रुव थापाले नेपालमा विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको रोजाई बढ्दै गइरहेको बताए । 'नेपालमा कुल आयात हुने चारपाङग्रे सवारीसाधनमध्ये ७० प्रतिशतभन्दा धेरै हिस्सा विद्युतीय सवारीसाधनको रहेको छ । यसले पक्कै पनि यहाँ विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको आकर्षण बढेको देखाउँछ,' उनले भने, 'विद्युतीय सवारीसाधनको आयातसँग सोसँग आवश्यक पर्ने चार्जिङ स्टेशन र सडक लगायतका पूर्वाधारमा समेत विशेष जोड दिन आवश्यक भइसकेको छ।'

पूर्वअध्यक्ष थापा नेपालमा रु १५ लाखदेखि चार करोड मूल्य पर्ने विद्युतीय सवारीसाधनको आयात हुँदै आइरहेको बताउँछन्। 'नेपाली ग्राहकहरुमा किफायती मूल्यका चार पाङग्रे विद्युतीय सवारीसाधनदेखि अत्याधुनिक फिर्चस भएका विद्युतीय सवारीसाधनतर्फ मोह बढिरहेको छ', उनले भने। राष्ट्रिय यातायात नीति २०८३ पनि विद्युतीय सवारीसाधन र चार्जिङ्ग स्टेशनलाई प्रवद्र्धन गर्ने गरी कार्यान्वयनमा ल्याइएको छ । मन्त्रिपरिषद्को २०८३ असार २४ गते बसेको बैठकले पारित गरी कार्यान्वयनमा ल्याएको यस नीतिमा नेपालको एकीकृत यातायात प्रणालीलाई सुरक्षित, सुलभ, दिगो र प्रतिस्पर्धी बनाउँदै आर्थिक समृद्धि, सामाजिक समावेशीता र क्षेत्रीय एकीकरणमा प्रभावकारी योगदान पु¥याउने मुख्य लक्ष्य राखिएको छ । नेपाल सरकारले बिबिआइएन, सासेक र बिमस्टेकजस्ता क्षेत्रीय मञ्चहरुमार्फत क्षेत्रीय सम्पर्क, आर्थिक करिडोर विकास तथा सीमापार यातायात प्रवद्र्धन गर्ने उद्देश्यका साथ विभिन्न पहलहरु अघि बढाउँदै आएका कारण पनि यातायात क्षेत्रमा सुधारका सङ्केतहरु देखापरेका छन्। बढ्दो जलवायु परिवर्तनजन्य जोखिम र असरहरुको सन्दर्भमा नेपालले पेरिस सम्झौताप्रति प्रतिवद्धता जनाउँदै जलवायु सहनीय, हरित तथा दिगो यातायात प्रणालीको विकासलाई प्राथमिकतामा राख्दै आएको छ।

**त्रिसठ्ठी हजार पुग्यो विद्युतीय सवारीसाधन**

राष्ट्रिय यातायात नीति २०८३ अनुसार आर्थिक वर्ष २०८२÷८३ सम्म नेपालमा दर्ता भएका कूल विद्युतीय साधनहरुको संख्या ६३ हजार २८० पुगेको छ । आव २०८२÷८३ को फागुनसम्म देशभर ६२ लाख ४९ हजार सात सय ३२ सवारीसाधन दर्ता भइसकेका छन्। दर्ता भएकामध्ये सवारीसाधन र यातायातका साधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल रहेका छन्। मोटरसाइकलको हिस्सा ८० प्रतिशतभन्दा बढी छ।

**दुई हजारभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार**

नेपाल विद्युत् प्राधिकरण चार्जिङ्ग स्टेशन निर्माण आयोजनाका सहायक प्रबन्धक सागरमणि अधिकारीका अनुसार नेपालभर करिव दुई हजार विद्युतीय सवारीसाधनको चार्जिङ्ग स्टेशन निर्माण भइसकेका छन्। ''अहिले त मुलुकका हरेकजसो सहरमा विद्युतीय सवारीसाधनका चार्जिङ्ग स्टेशन तयार भइसकेका छन्', उनले भने, 'सरकारी तवरबाट मात्रै एक सयभन्दा धेरै चार्जिङ स्टेशन रहेका छन् भने निजी क्षेत्रको तर्फबाट एक हजार नौ सयभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार भइसकेका छन्।' उनले विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको रोजाई बढेसँगै चार्जिङ्ग स्टेशन पनि धमाधम निर्माण भइरहेको बताए। 'सरकारले विद्युतीय सवारीसाधन प्रवद्र्धन गर्ने नीति अघि सारेकाले पनि विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको छ,' उनले भने, 'सरकारले चारपाङ्ग्रे विद्युतीय सवारीसाधनभन्दा पनि विद्युतीय सार्वजनिक यातायातलाई प्रवद्र्धन गर्ने नीति अघि सार्नुपर्ने बेला भइसकेको छ । सो व्यवस्था हुन सकेन। त्यसले दीर्घकालीन रुपमा नै व्यवस्थित गराउन मद्दत पु¥याउनेछ।'

**यस्तो छ आयातको अवस्था**

नेपालमा गत आव २०८२/८३ मा रु २५ अर्ब ५५ करोड ९९ लाख १७ हजार मूल्य पर्ने १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार विभागका अनुसार गत आवमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न मोडलका विद्युतीय सवारीसाधन यहाँ भित्रिएका थिए। विभागका अनुसार गत आर्थिक वर्षमा रु छ अर्ब ४८ करोड ८६ लाख ७९ हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका तीन हजार ६८० विद्युतीय जीप, कार तथा भ्यानहरु आयात भएका छन् । त्यस्तैगरी गत आवमा रु १६ अर्ब ४९ करोड ८९ लाख ४६ हजार मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका छ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन्। गत आवमा रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार मूल्य मूल्य पर्ने एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका ७९८ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन्। यस्तै गत आवमा भने रु ७१ करोड ७४ हजार मूल्य पर्ने दुई सय एक किलोवाट क्षमताका १० वटा विद्युतीय सवारीसाधन भित्रिएको छ।

भन्सार विभागका अनुसार आव २०८१÷८२ मा भने रु ३१ अर्ब ७४ करोड ५३ लाख ११ हजार मूल्य पर्ने विभिन्न मोडलका १३ हजार ५६७ वटा विद्युतीय सवारीसाधन आयात भएको थियो । विभागका अनुसार आव २०८१÷८२ मा रु आठ अर्ब ३१ करोड १४ लाख ८० हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका चार हजार ७३२ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । त्यस्तैगरी सोही आवमा रु १८ अर्ब ६२ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका सात हजार ४३१ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन्। आव २०८१÷८२ मा नै रु चार अर्ब ५३ करोड मूल्य पर्ने १०१ किलोवाटदेखि दुई सय किलोवाट क्षमताका एक हजार ३६२ वटा विद्युतीय, जीप, कार र भ्यान आयात भएको छ। नाडाका पूर्वअध्यक्ष थापा पनि सरकारले विद्युतीय सवारीको निश्चित मापदण्ड तोकेर आयात गर्ने व्यवस्था लागू गर्नुपर्ने सुझाव दिए। 'सरकारले कमसल खालका भन्दा पनि गुणस्तरीय र भरपर्दा खालका विद्युतीय सवारीसाधन भित्राउने नीति लिएको खण्डमा सर्वसाधारणलाई धेरै लाभदायक हुने थियो ।' उनले विद्युतीय सवारीसाधन आयातकर्ताले पनि सवारीसाधनको पार्टपूजा र अन्य मर्मतसम्भारका लागि आवश्यक पर्ने उपकरण पनि सँगै ल्याउनको लागि पनि अनुरोध गरे।

राष्ट्रिय यातायात नीति, २०८३ अनुसार कुल सवारी फ्लिटको ८० प्रतिशतभन्दा बढी हिस्सा मोटरसाइकलले ओगटेकाले सडक क्षमता ओगट्ने औँल्याएको छ। दुई पाङग्रे सवारीसाधनको अत्यधिक दबाबमा पर्नुका साथै दुर्घटना जोखिम, सवारी चाप र वायु प्रदूषण बढेको बताइएको छ । नीतिमा यातायात क्षेत्रको वातावरणीय दिगोपन प्रवद्र्धन गर्ने उद्देश्यले नेपाल सरकारले विगतमा विभिन्न नीतिगत तथा कार्यक्रमगत पहलहरू अघि बढाउँदै आएको बताइएको छ । रासस

# करार एवं ज्यालादारी कर्मचारीहरु आन्दोलित

**मधेशदृष्टि**
**काठमाडौँ।**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत देशभरका ६७ वटा आङ्गिक शिक्षालयमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूले केन्द्रीय कार्यालय घेराउ गरेका छन्।

साउन १४ गतेदेखि देशभरका ६७ वटै आङ्गिक शिक्षालयमा विभिन्न चरणका आन्दोलनका कार्यक्रम सञ्चालन गर्दै आए पनि सीटीईभीटी व्यवस्थापनले कर्मचारीका मागप्रति कुनै सुनुवाइ नगरेपछि पूर्वघोषित कार्यक्रमअन्तर्गत देशभरिका करिब २,२०० करार तथा ज्यालादारी श्रमिकले आजदेखि केन्द्रीय कार्यालय, सानोठिमी घेराउ गरेका हुन्।

उनीहरूले समान कामका लागि समान ज्याला हुनुपर्ने माग राखेका छन्। उनीहरूका मागमा स्थानीय भत्ता, दुर्गम भत्ता, महँगी भत्ता, प्रोत्साहन भत्ता, सामाजिक सुरक्षा तथा पेशागत स्थायित्व लगायत रहेका छन् । लामो समयदेखि परिषद् मातहतका विभिन्न शिक्षालयमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूले समान प्रकृतिको काम गर्दै आए पनि सेवा–सुविधा र पारिश्रमिकमा विभेद गरिएको भन्दै न्यायोचित व्यवस्था गर्न माग गरेका छन्।

# जीप दुर्घटना हुँदा १० जना घाइते

**मधेशदृष्टि**
**पाल्पा।**
पाल्पामा जिप दुर्घटना हुँदा १० जना घाइते भएका छन्। सोमबार बिहान तिनाउ गाउँपालिका–४, चिउरीडाँडास्थित झुम्सा–सत्यवती सडकखण्डमा बुटवलतर्फ जाँदै गरेको लु.१ ज २२३७ नम्बरको मुस्ताङ जिप दुर्घटना हुँदा उनीहरू घाइते भएका हुन् । दुर्घटनामा तिनाउ–३, सत्यवतीका ३६ वर्षीय खुमबहादुर दिसुवा, स्याङ्जाको कालीगण्डकी गाउँपालिका–१ का १० वर्षीय सन्तोष रेश्मी र तिनाउ–३, सत्यवतीका ५१ वर्षीय नरसिंह दिसुवा घाइते हुनुभएको छ।

यस्तै, सोही स्थानकी ३६ वर्षीया शर्मिला दिसुवा, रुपन्देहीको बुटवल उपमहानगरपालिका–१८ का ३६ वर्षीय दुर्गा थापा, सोही स्थानका चार वर्षीय डेनिस थापा र माथागढी गाउँपालिका–५ का ४१ वर्षीय मनबहादुर गाहा घाइते हुनुभएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईका अनुसार दुर्घटनामा बुटवल उपमहानगरपालिका–१८ की ३६ वर्षीया सपना राना, जिप चालक माथागढी गाउँपालिका–५ का ३९ वर्षीय देवकुमार घर्ती र स्याङ्जाको कालीगण्डकी गाउँपालिका–१ का भुवनसिंह रेश्मी पनि घाइते हुनुभएको छ।

घाइतेमध्ये चार वर्षीय डेनिस थापाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । घाइते सबैको लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा उपचार भइरहेको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**कलैया ।**
बाराको फेटा गाउँपालिका–७ कुकुरभुक्कामा करेन्ट लागेर १८ वर्षीय युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा फेटा गाउँपालिका–७ कुकुरभुक्का निवासी लक्ष्मी साह तेलीका छोरा गणेश साह तेली रहेका छन् । प्रहरीका अनुसार सोमबार दिउँसो करिब १२ बजे स्थानीय रुपनारायण साह कानुको घरमा शिवगुरुको पूजा गर्ने तयारी भइरहेको थियो । पूजाका लागि भजन बजाउन स्थानीय महिलाहरूले सामूहिक रूपमा रकम संकलन गरी खरिद गरेको स्पिकरको एम्प्लिफायरको तार विद्युत् बोर्डमा जोड्ने क्रममा गणेशलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर गम्भीर घाइते भएका गणेशलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो । अस्पतालमा दिउँसो १२:३८ बजे ईसीजी परीक्षण गर्दा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

घटनाबारे अस्पतालमा खटिएका प्रहरी कर्मचारीले दिउँसो १:०१ बजे इलाका प्रहरी कार्यालय छतवालाई जानकारी गराएका थिए ।

जानकारी प्राप्त भएपछि प्रहरी नायब निरीक्षक कृष्णनन्दन ठाकुरको कमान्डमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# साउन महिनाको अन्तिम सोमबार: शिवालयहरुमा भक्तजनहरुको घुइँचो

**मधेशदृष्टि**
**वीरगंज ।**
आज साउन महिनाको अन्तिम सोमबार । वीरगंजको चिनीमिलस्थित पशुपतिनाथ मन्दिर तथा पर्साको पटेर्वासुगौलीस्थित भाठाधाम मन्दिरसहित देशभरका शिवालयमा श्रद्धालुहरुको घुइँचो लागेको थियो । साउन महिनाका हरेक सोमबार व्रत बसेर भगवान शिवको पूजा आराधना गर्दै आएका महिलाहरुले आज विधिपूर्वक व्रत समापन गरेका छन् ।

साउने ब्रत तिथी र महिनाको हिसावले मान्ने चलन छ । महिनाको हिसावले मनाउनेहरूले आज समापन गरेका हुन् । साउनका अन्य सोमबार व्रत बस्न नसके पनि अन्तिम सोमबार व्रत बसेर पूजाआजा गर्दा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ ।

साउनको सोमबार भगवान शिवको प्रिय बारका रुपमा मानिने भएकाले यस दिन श्रद्धालुहरुले व्रत, पूजापाठ, दानलगायत धार्मिक कार्य गर्ने गर्दछन् ।

# गणिनाथ गोविन्द मन्दिरमा भदौ २० गते भव्य पूजा आयोजना गरिने

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–२३, बेलास्थित दूधमती नदीको किनारमा रहेको गणनानाथ गोविन्द मन्दिरमा भदौ २० गते (सेप्टेम्बर ४) बाबा गणनानाथ गोविन्द महाराजको पूजा भव्य रूपमा आयोजना गरिने भएको छ । पूजा तथा मेलालाई व्यवस्थित, धार्मिक र भक्तिमय बनाउन गोविन्द सेवा समितिका अध्यक्ष राघवेन्द्र साहको अध्यक्षतामा तयारी बैठक सम्पन्न भएको छ । बैठकले पूजा धार्मिक विधिअनुसार सञ्चालन गर्ने, बाहिरबाट आउने भक्तजनका लागि निःशुल्क खाना तथा आवासको व्यवस्था मिलाउने र मेला अवधिभर सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनेलगायतका विषयमा छलफल गरेको छ।



पूजामा नेपालका विभिन्न स्थानसहित भारतबाट समेत भक्तजनको सहभागिता हुने अपेक्षा गरिएको समितिले जनाएको छ। भक्तजनलाई सहज रूपमा पूजा तथा धार्मिक कार्यक्रममा सहभागी गराउन आवश्यक व्यवस्थापन मिलाउने विषयमा पनि बैठकमा छलफल भएको थियो। बैठकमा गोविन्द सेवा समितिका उपाध्यक्ष सुजितकुमार साह, सचिव कैलाश साह, सहसचिव ई. मुकेश साह, कोषाध्यक्ष उमेश साह, सल्लाहकार प्रा. रमेशकुमार साह, अजयकुमार साह, कृष्णदेव साह, सदस्य डा. शम्भुप्रसाद साह लगायत समिति सदस्य तथा स्थानीय सर्वसाधारणको सहभागिता थियो।

समितिका अनुसार पूजा तथा मेलालाई व्यवस्थित बनाउन भक्तजनको आवागमन, भोजन तथा आवास, सरसफाइ, सुरक्षा र अन्य आवश्यक व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ । धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिने गणनानाथ गोविन्द मन्दिरमा आयोजना हुने वार्षिक पूजालाई यस वर्ष थप व्यवस्थित र भव्य बनाउने तयारी भइरहेको समितिले जनाएको छ।

# गिट्टी बालुवाको अवैध ओसारपसारको आरोपमा तीनवटा ट्याक्टरसहित तीनजना चालक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका–५ मोरटोलबाट अवैध रूपमा ढुङ्गा, गिटी तथा बालुवा ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले तीन वटा ट्याक्टर र तिन जना चालकलाई नियन्त्रणमा लिएको छ ।

ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीको प्रहरी टोलीले ना ४ त ९१२८ , ना ६ त २५५१ र म.प्र.००३–००१ त ८१५८ नम्बरका ट्याक्टरसहित चालकहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । स्थानिय भलुवाई खोलाबाट अवैध रूपमा गिटी–बालुवा चोरी तस्करी भइरहेको विशेष सूचनाका आधारमा प्रहरीले उक्त कारबाही गरेको हो ।

नियन्त्रणमा लिइएका ट्याक्टर र चालकहरूलाई हाल ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीको नियन्त्रणमा राखिएको छ । उनीहरूलाई आवश्यक कारबाहीका लागि पटेर्वा सुगौली गाउँपालिकाको राजस्व शाखामा बुझाइने प्रहरीले जानकारी दिएको छ ।

# खाजा घरमा गाँजाको कारोबार

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरमा खाजा घरको आवरणमा लागूऔषध गाँजाको कारोबार भइरहेको खुलेको छ । प्रहरीले गाँजा बिक्री वितरण गरेको आरोपमा खाजा घर सञ्चालकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गौर नगरपालिका–६ का ३४ वर्षीय शुभ नारायण साह रहेका छन् ।

उनले गौर नगरपालिका–३ मा ‘काजल स्टील रेलिङ्ग’ नामबाट खाजा घर सञ्चालन गर्दै आएका थिए। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार खाजा घरबाट सानो–सानो पुरीया बनाएर गाँजा बिक्री हुने गरेको विशेष सूचना प्राप्त भएपछि प्रहरीले त्यहाँ खानतलासी गरेको थियो । खानतलासीका क्रममा खाजा घरको काउन्टरको ¥याकभित्र कालो प्लास्टिकको झोलामा लुकाएर राखिएको गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बिक्रीका लागि तयार पारिएका १२५ वटा पुरीयामा रहेको कुल ७ सय ग्राम गाँजा बरामद गरिएको छ । गाँजासहित पक्राउ परेका साहलाई नियन्त्रणमा लिएर लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिएका छन् ।

# जापानी इन्सेफलाइटिसबाट ९ जनाको मृत्यु

**मधेशदृष्टि**
**काठमाडौँ ।**
पछिल्लो ५५ दिनको अवधिमा जापानी इन्सेफलाइटिसबाट देशभर नौ जनाको मृत्यु भएको छ ।

यसैविच मधेश प्रदेशका बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट र सप्तरीमा गरी ११ जना जापानी इन्सेफलाइटिसबाट प्रभावित भएका छन् ।

तीमध्ये धनुषा र रौतहटमा एक–एक जनाको मृत्यु भएको छ ।

दाङमा पनि एक जनाको मृत्यु भएको स्वास्थ्य सेवा विभागले जनाएको छ । स्वास्थ्य अधिकारीका अनुसार जापानी इन्सेफलाइटिसबाट संक्रमित तथा मृत्यु भएका अधिकांशले खोप नलगाएको पाइएको छ ।

चिकित्सकका अनुसार संक्रमित लामखुट्टेको टोकाइबाट जापानी इन्सेफलाइटिस सर्छ । यो रोग मानिसबाट मानिसमा भने सर्दैन ।

स्वास्थ्यकर्मीहरूले जोखिम क्षेत्रका नागरिकलाई जापानी इन्सेफलाइटिसविरुद्धको खोप लगाउन तथा लामखुट्टेको टोकाइबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् ।

# लक्ष्यभन्दा तीन करोड बढी राजस्व असुली

**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्षमा लक्ष्यभन्दा रु तीन करोड बढी राजस्व असुली गरेको छ । उपमहानगरपालिकाले बक्यौता असुलीमा कडाइ गरेपछि गत आर्थिक वर्षमा रु १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु २० करोड ३७ लाख एक हजार ५५९ राजस्व असुली गरेको हो । आव २०८१/८२ को तुलनामा रु तीन करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो । आव २०८१/८२ मा रु १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु १६ करोड ६४ लाख ७८ हजार ९३३ राजस्व सङ्कलन भएको थियो ।आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु पाँच लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु २१ लाख २६ हजार ४५३ सङ्कलन भएको छ । त्यस्तै, सम्पत्ति करबाट रु पाँच करोड ६१ लाख पाँच हजार ३३१, बहाल करबाट रु पाँच करोड ७५ लाख ३९ हजार ६४४, सिफारिस दस्तुरबाट रु एक करोड ३४ लाख ९५ हजार ८९६ र नक्सापास दस्तुरबाट रु तीन करोड ३७ लाख ८१ हजार राजस्व सङ्कलन भएको छ । यसैगरी, बहाल बिटौरी करबाट रु ९२ लाख ३२ हजार २००, व्यवसाय करबाट रु ५१ लाख ५० हजार ३४७ र अन्य सेवा शुल्क तथा बिक्रीबाट रु २९ लाख ६८ हजार ४७५ राजस्व सङ्कलन भएको छ ।

अन्य प्रशासनिक सेवा शुल्कबाट रु ६८ लाख ३४ हजार ९३४, परीक्षा शुल्कबाट रु १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु पाँच लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड जरिवानाबाट रु ११ लाख पाँच हजार ५६३ तथा सरकारी सम्पत्ति बिक्रीबाट रु १५ लाख राजस्व सङ्कलन भएको जनकपुरधाम उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाले जानकारी दिए । रासस

# ६ करोड बजेट...

आशंकामा पछिल्ला दिनमा ढल्केवरका स्थानीयवासी तथा विभिन्न पक्षले विरोध प्रदर्शन गर्दै सेन्टर यथास्थानमै निर्माण गर्न माग गर्दै आएका थिए । उनीहरूले सरकारले यसअघि गरेको निर्णय कार्यान्वयन गर्दै ढल्केवरमै अत्याधुनिक ट्रमा सेन्टर निर्माण गर्नुपर्ने माग राख्दै आएका थिए । मन्त्रालयले भने ढल्केवरमा प्रदेशस्तरीय ट्रमा सेन्टर र सिरहाको लहानमा पाँच शय्याको ट्रमा युनिट स्थापना गर्ने योजना रहेको जनाएको छ। यससँगै ढल्केवरको ट्रमा सेन्टर अन्यत्र सारिने आशंका अन्त्य भएको मन्त्रालयको दाबी छ।

सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरेको थियो । लामो समयदेखि चर्चामा रहेको उक्त योजना कार्यान्वयनका लागि वर्तमान सरकारले गत जेठमा बसेको मन्त्रिपरिषद् बैठकबाट क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया अघि बढाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ । पूर्व–पश्चिम राजमार्गको महत्वपूर्ण केन्द्रका रूपमा रहेको ढल्केवरमा दैनिक ठूलो संख्यामा सवारीसाधन आवतजावत गर्ने गरेका छन् । राजमार्गमा हुने दुर्घटनामा गम्भीर घाइतेलाई समयमै उपचार उपलब्ध हुन नसक्दा ज्यान जाने जोखिम रहने भएकाले ढल्केवरमा ट्रमा सेन्टर स्थापना आवश्यक रहेको बताइएको छ।

ट्रमा सेन्टर सञ्चालनमा आएपछि धनुषासहित महोत्तरी, सिरहा, सर्लाहीलगायत राजमार्ग आसपासका जिल्लाका दुर्घटनामा परी गम्भीर घाइते हुनेहरूले समेत तत्काल विशेषज्ञ उपचार पाउने अपेक्षा गरिएको छ । मन्त्रालयले आवश्यक प्रक्रिया अघि बढाउँदै ट्रमा सेन्टर निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाउने जनाएको छ।

# मिटरब्याज पीडितको गुना......

टार्ने गरेको र वर्षौंसम्म आफूहरूलाई अल्झाइरहेको पीडितहरूले बताएका छन् । पछि दृष्टिबन्धकमा राखिएको जग्गा साह परिवारले बिक्री गरिसकेको जानकारी पाएपछि आफूहरू थप संकटमा परेको उनीहरूको भनाइ छ। ऋण चुक्ता गरिसकेपछि पनि आफ्नो सम्पत्ति फिर्ता नपाउनु अन्याय भएको भन्दै पीडितहरूले सम्बन्धित निकायबाट निष्पक्ष छानबिन गरी आफ्नो जग्गा फिर्ता गराउन तथा दोषीमाथि कानुनी कारबाही गर्न माग गरेका छन्।

पत्रकार सम्मेलनमा सहभागी पीडितहरूले आफूहरूले लामो समयदेखि न्यायका लागि विभिन्न निकायमा धाउँदै आए पनि समस्या समाधान हुन नसकेको गुनासो गरे। उनीहरूले आफ्नो सम्पत्ति गुम्ने अवस्था आएपछि बाध्य भएर सार्वजनिक रूपमा आफ्नो पीडा राख्नुपरेको बताएका छन् । मिटरब्याज तथा अनुचित लेनदेनको समस्याले आफूहरूजस्ता धेरै परिवार प्रभावित भएको दाबी गर्दै पीडितहरूले आर्थिक रूपमा कमजोर नागरिकलाई ऋणको नाममा शोषणबाट जोगाउन राज्यले प्रभावकारी कदम चाल्नुपर्ने माग गरेका छन्।

यस विषयमा पक्राउ परेका साह परिवारमाथि अनुचित लेनदेन, मिटरब्याज तथा ठगीसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पीडितहरूले लगाएका आरोपको अन्तिम पुष्टि भने सम्बन्धित अनुसन्धान तथा न्यायिक प्रक्रियाबाट हुने देखिन्छ।

# प्रकृति, संस्कृति र इतिहासले सजिएको मस्र्याङ्दीमा पर्यटनको सम्भावना

लमजुङ ।
कलकल बग्ने मस्र्याङ्दी नदी, हरियाली डाँडाकाँडा, हिमाली दृश्य, तातोपानीका कुण्ड, धार्मिक तथा ऐतिहासिकस्थल र मौलिक संस्कृति । प्रकृति, संस्कृति र इतिहासको यही विविधताले लमजुङको मस्र्याङ्दी गाउँपालिकालाई पर्यटकीय सम्भावनाले भरिएको क्षेत्रका रूपमा चिनाएको छ । मस्र्याङ्दी गाउँपालिकाका विभिन्न स्थानमा रहेका प्राकृतिक तथा धार्मिकस्थल आन्तरिक पर्यटकका लागि आकर्षणका केन्द्रसमेत बन्न थालेका छन् । वडा नं ४ जगतमा रहेको तातोपानी कुण्डमा नुहाउन तथा प्राकृतिक वातावरणको आनन्द लिन मानिसहरू पुग्ने गरेका छन् । वडा नं ६ बाहुनडाँडामा रहेको तातोपानी कुण्ड पनि पर्यटकीय सम्भावना बोकेको स्थल हो ।

प्राकृतिक रूपमा निस्कने तातोपानीमा स्नान गर्दा विभिन्न रोग निको हुने जनविश्वास रहँदै आएको छ । त्यस्तै गाउँपालिकाका विभिन्न डाँडाकाँडाबाट हिमशृङ्खला तथा आसपासका मनोरम भूदृश्यावलोकन गर्न सकिन्छ । वडा नं ३ मा रहेको हर्सिङडाँडा प्राकृतिक दृश्यावलोकनका साथै ऐतिहासिक महत्व बोकेको स्थल हो । राष्ट्रिय विभूति भक्ति थापाले बाल्यकालमा गाईवस्तु चराएको स्थानका रूपमा समेत हर्सिङडाँडालाई लिइन्छ । ऐतिहासिक व्यक्तित्वसँग जोडिएको यो स्थललाई पर्यटनसँग जोडेर विकास गर्नसके थप पर्यटक आकर्षित गर्न सकिने स्थानीयको विश्वास छ । मस्र्याङ्दी गाउँपालिकाको पर्यटन प्राकृतिक सम्पदामा मात्र सीमित छैन । यहाँको मौलिक संस्कृति पनि अर्को महत्त्वपूर्ण आधार हो । विभिन्न समुदायले मनाउने चाडपर्व तथा परम्परागत नाचगानले स्थानीय सांस्कृतिक पहिचानलाई जीवन्त बनाएको छ ।

घाँटु, सोरठी, कृष्णचरित्र, बालन, झ्याउरे, तामाङ सेलोलगायतका सांस्कृतिक गतिविधिलाई पर्यटनसँग जोड्न सके स्थानीय कला र संस्कृतिको संरक्षणसँगै आम्दानीको स्रोत बनाउन सकिने उत्तिकै सम्भावना छ । गाउँपालिकाका विभिन्न वडा यी पर्यटन तथा यातायात मार्गसँग जोडिएकाले मनाङतर्फ जाने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थलतर्फ आकर्षित गर्न सकिने अवस्था छ । विशेषगरी पर्यटकीय मौसममा अन्नपूर्ण पदमार्ग हुँदै आउने विदेशी पर्यटक तथा मनाङ जाने यात्रीलाई स्थानीय गन्तव्यसँग जोड्न सके पर्यटनको लाभ गाउँपालिकाका विभिन्न बस्तीमा पुर्‍याउन सकिन्छ ।

स्थानीयवासी पूर्णबहादुर गुरुङ मस्र्याङ्दी गाउँपालिका प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र भएकाले यसको सम्भावनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताउनुहुन्छ । पर्यटकीय सम्भावना भएका स्थानको पहिचान गरी संरक्षण, प्रचारप्रसार र पूर्वाधार विकासमा थप ध्यान दिन सके स्थानीयले त्यसबाट लाभ लिन सक्ने उनको भनाइ छ । हर्सिङडाँडाको पर्यटकीय सम्भावनालाई स्थानीयस्तरबाटै उपयोग गर्न थालिएको छ । ऐतिहासिक व्यक्तित्व भक्ति थापासँग जोडिएको स्थल भएकाले पर्यटक आकर्षित गर्न आफूले त्यहाँ पर्यटनलक्षित व्यवसाय सञ्चालन गर्दै आएको पूर्णबहादुरले बताए । प्राकृतिक सौन्दर्य र ऐतिहासिक पहिचानलाई एकैसाथ उपयोग गर्न सके हर्सिङडाँडा महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्ने उनको विश्वास छ । मस्र्याङ्दी गाउँपालिकामा सडक तथा अन्य पूर्वाधार विस्तार भइरहेकाले पर्यटन विकासका लागि थप आधार तयार हुँदै गएको छ ।

पर्यटकीयस्थलसम्म सहज पहुँच, पदमार्ग, खानेपानी, शौचालय, सरसफाइ, सूचना केन्द्र, सङ्केतचिह्न र घरबासलगायतका पूर्वाधारलाई व्यवस्थित बनाउन सके यहाँको पर्यटनले थप गति लिनसक्छ । गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ मस्र्याङ्दी गाउँपालिका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक सम्पदाले भरिपूर्ण रहेको बताउँछन् । यस्ता सम्पदाको संरक्षण र प्रवद्र्धनसँगै प्रचारप्रसारलाई प्राथमिकता दिइएको उनले बताए । पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन, आवश्यक पूर्वाधार निर्माण तथा पर्यटकीयस्थलसम्म यातायात सेवा विस्तारमा गाउँपालिकाले ध्यान दिइरहेको उनको भनाइ छ । ‘यहाँका सम्पदाको संरक्षणसँगै व्यापक प्रचारप्रसार, आवश्यक पूर्वाधार निर्माण र यातायात पहुँच विस्तार गरी पर्यटक आकर्षित गर्ने वातावरण बनाउन गाउँपालिकाले प्राथमिकताका साथ काम गरिरहेको छ’, अध्यक्ष गुरुङले भने । अन्नपूर्ण पदमार्ग र बेँसीसहर–चामे सडकसँगको पहुँचलाई स्थानीय पर्यटकीय गन्तव्यसँग जोड्दै संरक्षण, पूर्वाधार विकास, स्थानीय समुदायको सहभागिता र व्यवस्थित प्रचारप्रसारलाई सँगसँगै अघि बढाउन सके मस्र्याङ्दी लमजुङकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुनसक्ने सम्भावना छ । रासस

# जनकपुरधामको राजस्व लक्ष्यभन्दा ३ करोड बढी, २० करोड ३७ लाख सङ्कलन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा ३ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। बक्यौता असुलीलाई प्राथमिकता दिँदै कर सङ्कलनमा कडाइ गरेपछि उपमहानगरपालिकाको आन्तरिक राजस्वमा वृद्धि भएको हो। उपमहानगरपालिकाले गत आर्थिक वर्षमा १७ करोड १५ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। तर लक्ष्यभन्दा ३ करोड २२ लाख रुपैयाँ बढी अर्थात् कुल २० करोड ३७ लाख १ हजार ५५९ रुपैयाँ राजस्व सङ्कलन भएको राजस्व शाखाले जनाएको छ।



यो रकम आर्थिक वर्ष २०८१/८२ को तुलनामा पनि ३ करोड ७२ लाख २१ हजार ६२६ रुपैयाँ बढी हो। आव २०८१/८२ मा १६ करोड २० लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा १६ करोड ६४ लाख ७८ हजार ९३३ रुपैयाँ सङ्कलन भएको थियो।
उपमहानगरपालिकाका अनुसार आव २०८२/८३ मा बेरुजु शीर्षकमा ५ लाख रुपैयाँ सङ्कलन गर्ने लक्ष्य राखिएकामा २१ लाख २६ हजार ४५३ रुपैयाँ असुली भएको छ। सम्पत्ति करबाट ५ करोड ६१ लाख ५ हजार ३३१ रुपैयाँ र बहाल करबाट ५ करोड ७५ लाख ३९ हजार ६४४ रुपैयाँ सङ्कलन भएको छ।
त्यस्तै, नक्सापास दस्तुरबाट ३ करोड ३७ लाख ८१ हजार रुपैयाँ, सिफारिस दस्तुरबाट १ करोड ३४ लाख ९५ हजार ८९६ रुपैयाँ र बहाल बिटौरी करबाट ९२ लाख ३२ हजार २०० रुपैयाँ राजस्व प्राप्त भएको छ। व्यवसाय करबाट ५१ लाख ५० हजार ३४७ रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्कबाट ६८ लाख ३४ हजार ९३४ रुपैयाँ तथा अन्य सेवा शुल्क तथा बिक्रीबाट २९ लाख ६८ हजार ४७५ रुपैयाँ सङ्कलन भएको उपमहानगरपालिकाले जनाएको छ।
यसैगरी, परीक्षा शुल्कबाट १७ लाख ८६ हजार ७०० रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुरबाट ५ लाख ९७ हजार ७२० रुपैयाँ, प्रशासनिक दण्ड तथा जरिवानाबाट ११ लाख ५ हजार ५६३ रुपैयाँ र सरकारी सम्पत्ति बिक्रीबाट १५ लाख रुपैयाँ राजस्व प्राप्त भएको छ।
उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाका अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउनुका साथै करदातालाई नियमित कर तिर्न प्रोत्साहित गरिएकाले राजस्व सङ्कलनमा सुधार आएको हो।
उनका अनुसार आगामी दिनमा बक्यौता कर असुलीलाई थप प्रभावकारी बनाउँदै राजस्वको दायरा विस्तार गर्ने र कर प्रशासनलाई व्यवस्थित बनाउने तयारी भइरहेको छ।

# विद्युत सर्ट भएर आगलागी हुँदा ९ वटा ग्यास सिलिन्डर पड्कियो

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको फतुवा विजयपुर नगरपालिका–१० दुधिअवा गाउँनजिकै सोमबार बिहान विद्युत् सर्ट भएर आगलागी हुँदा नौ वटा ग्यास सिलिन्डर पड्किएका छन्। दुधिअवा गाउँनजिकै दीपेन्द्र भक्त खरेलको काठले बनेको दुईतले घरमा बिहान करिब ७:१५ बजे आगलागी भएको हो।
ईँटा उद्योगमा कार्यरत मजदुरको सुविधाका लागि ग्यास सिलिन्डर तथा अन्य सामग्री राखिएको स्थानमा विद्युत् सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ। आगलागीपछि घरमा राखिएका ग्यास सिलिन्डर पड्किँदा आगो थप फैलिएको थियो। आगलागीबाट घरायसी सामग्रीसहित अन्य सरसामान जलेर नष्ट भएका छन्।
प्रहरीका अनुसार प्रारम्भिक अनुमानमा आगलागीबाट करिब १८ लाख ५८ हजार रुपियाँ बराबरको क्षति भएको छ। आगलागी नियन्त्रणका लागि स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा दमकल परिचालन गरिएको थियो। उनीहरूको सक्रियतामा आगो नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय विजयपुरका प्रहरी निरीक्षक राजेश खत्रीले जानकारी दिए। आगलागीबाट भएको क्षतिको विस्तृत विवरण संकलन गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

# सम्झौता कार्यान्वयनमा ढिलाइले अप्रिय दुर्घटना निम्तिन सक्ने चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सुनसरीको देवानगञ्ज घटनापछि सरकारले पीडित परिवारसँग गरेको लिखित सम्झौता कार्यान्वयनमा ढिलाइ भएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपालसहित तीन दलले सरकारलाई गम्भीर चेतावनी दिएका छन्। उनीहरूले सम्झौता तत्काल कार्यान्वयन नगरे पीडित परिवारको आक्रोश र जनअसन्तुष्टि थप बढेर अप्रिय तथा गम्भीर दुर्घटना निम्तिन सक्ने बताएका छन्।
जसपा नेपालका संरक्षक महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, राष्ट्रिय निर्माण दलका अध्यक्ष समिम मियाँ अन्सारी, देवानगञ्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहता र देवानगञ्ज–६ का वडाध्यक्ष हरिनन्दन मेहताले संयुक्त विज्ञप्ति जारी गर्दै सरकारलाई सम्झौता कार्यान्वयनमा गम्भीर बन्न आग्रह गरेका हुन्।
घटनापछि पीडित परिवारसँग सरकारले गरेको लिखित सम्झौतामा मृतकलाई शहीद घोषणा गर्ने, क्षतिपूर्ति उपलब्ध गराउने, परिवारका सदस्यलाई रोजगारी दिने तथा घटनाको सात दिनभित्र निष्पक्ष छानबिन गर्ने प्रतिबद्धता जनाइएको थियो। तर सम्झौता भएको लामो समय बितिसक्दा पनि मन्त्रिपरिषद्बाट मृतकलाई शहीद घोषणा गर्नेलगायतका निर्णय हुन नसकेको भन्दै उनीहरूले आपत्ति जनाएका छन्। सरकारले लिखित रूपमा गरेको प्रतिबद्धता कार्यान्वयन नगर्नु पीडितप्रतिको संवेदनहीनता भएको उल्लेख गर्दै उनीहरूले यस्तो ढिलाइले परिस्थिति थप जटिल बन्न सक्ने चेतावनी दिएका छन्।
यसैबीच, काठमाडौंमा उपचारका क्रममा मृत्यु भएका रवीन्द्र मेहताको निधन भएको एक साता बितिसक्दासमेत अन्त्येष्टि हुन नसकेको विषयलाई उनीहरूले गम्भीर रूपमा उठाएका छन्।
मृत्युपश्चात् सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउने परिवारको अधिकारसमेत प्रभावित हुने अवस्था सिर्जना हुनु आपत्तिजनक भएको उनीहरूको भनाइ छ। विज्ञप्तिमा भनिएको छ, सम्झौता कुनै राजनीतिक आश्वासन नभई राज्यले गरेको लिखित प्रतिबद्धता भएकाले त्यसको कार्यान्वयनमा सरकारले थप ढिलाइ गर्न नहुने उल्लेख छ। सम्झौता कार्यान्वयनमा ढिलाइ हुँदा पीडित परिवारको पीडा र जनआक्रोश थप बढ्न सक्ने तथा त्यसले अप्रिय र गम्भीर दुर्घटना निम्त्याउन सक्ने जोखिमप्रति सरकार सचेत हुनुपर्ने उनीहरूले बताएका छन्।
तीन दलसहित स्थानीय जनप्रतिनिधिले गत १४ गते जारी गरेको आठबुँदे मागसहितको वक्तव्य र १५ गते प्रधानमन्त्रीसँग भएको छलफलका विषयलाई समेत तत्काल कार्यान्वयनमा लैजान माग गरेका छन्।
उनीहरूले सरकारलाई पीडितको धैर्यको थप परीक्षा नलिन र परिस्थिति थप जटिल बन्न नदिन आग्रह गरेका छन्। तत्काल निर्णय गरी न्यायपूर्ण समाधानको बाटो नखोलिए सरकारको गैरजिम्मेवार रवैयाविरुद्ध शान्तिपूर्ण तथा सशक्त लोकतान्त्रिक सङ्घर्ष अघि बढाउन बाध्य हुने चेतावनीसमेत दिएका छन्।

# सामाजिक विभेदको डरले एचआइभी संक्रमित उपचारमा आउन अझै हिच्किचाउँदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा एचआइभी एड्सको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले सामाजिक विभेद र प्रताडनाको डरका कारण संक्रमितहरू उपचारका लागि स्वास्थ्य संस्थासम्म आउन अझै हिच्किचाउने गरेको बताएका छन्। संक्रमितले रोग लुकाउने प्रवृत्तिले एचआइभी संक्रमण न्यूनीकरणको अभियानमा चुनौती थपिएको उनीहरूको भनाइ छ।
जनकपुरधामस्थित प्रादेशिक अस्पतालको एआरटी शाखामा कार्यरत एड्स हेल्थ केयर फाउन्डेसन (एएचएफ) नेपालको आयोजनामा भएको परियोजना सल्लाहकार समितिको छलफलमा एचआइभी संक्रमण न्यूनीकरणका लागि विभिन्न संघसंस्थाले गरिरहेका गतिविधि र प्रगतिको समीक्षा गरिएको हो।
कार्यक्रममा विश्वभर, नेपाल तथा मधेश प्रदेशमा एचआइभीको वर्तमान अवस्थाबारे छलफल गर्दै संक्रमितलाई उपचारको पहुँचमा ल्याउन अपनाउनुपर्ने उपायबारे पनि चर्चा गरिएको थियो। संक्रमितलाई डिजिटल प्रविधिको माध्यमबाट प्रभावकारी काउन्सिलिङ कसरी प्रदान गर्न सकिन्छ भन्ने विषयलाई समेत छलफलमा प्राथमिकता दिइएको एएचएफ नेपालका कार्यक्रम संयोजक विनोदकुमार साहले जानकारी दिए। मधेश प्रदेशमा एचआइभी संक्रमित अझै पनि उपचार गराउन सामाजिक रूपमा लजाउने र डराउने अवस्था रहेको कार्यक्रममा बताइएको थियो। समाजबाट अपहेलित वा प्रताडित हुनुपर्ने भयका कारण कतिपय संक्रमित स्वास्थ्य संस्थामा उपचारका लागि नआउने गरेको भन्दै सहभागीले चिन्ता व्यक्त गरेका थिए।
संक्रमितले आफ्नो अवस्था सार्वजनिक हुने डरमा उपचारबाट टाढा रहँदा संक्रमण न्यूनीकरणका कार्यक्रम प्रभावित हुने र संक्रमितको स्वास्थ्यमा समेत थप जोखिम उत्पन्न हुने सहभागीहरूको भनाइ थियो। यसैले संक्रमितप्रति समाजको दृष्टिकोण परिवर्तन गर्दै गोपनीयता कायमसहित उपचार र परामर्श सेवामा सहज पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको थियो। जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साहको अध्यक्षतामा भएको कार्यक्रममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. जामुनप्रसाद सिंह, स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादव, जनकपुरधाम उपमहानगरपालिका–१० का वडाध्यक्ष मिथिलेश कर्ण तथा एचआइभी एड्सको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

# पूर्व प्रमका स्वकीय सचिव तथा पारिवारको सम्पत्तिमाथि अख्तियारको अनुसन्धान



**मधेशदृष्टि**
**काठमाडौँ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई पूर्वप्रधानमन्त्रीका स्वकीय सचिव तथा उनीहरूका परिवारको सम्पत्तिमाथि अनुसन्धान सुरु गरेको छ। अख्तियारले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा स्वकीय सचिव रहेका भानु देउवा तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालका स्वकीय सचिव रहेकी गंगा दाहालको परिवारको सम्पत्तिमाथि अनुसन्धान अघि बढाएको हो।
अख्तियारसम्बद्ध स्रोतका अनुसार भानु देउवाको सम्पत्तिको विस्तृत अनुसन्धानका लागि आवश्यक विवरण भर्ने १३ पाने फारम भराइसकिएको छ। आयोगमा परेको उजुरीका आधारमा अनुसन्धान अधिकृत तोकेर उनको परिवारका नाममा रहेको सम्पत्तिको छानबिन सुरु गरिएको हो। अनुसन्धानका क्रममा भानु देउवा तथा उनको परिवारका सदस्यका बैंक खाता, जग्गा, शेयरलगायत सम्पत्तिको विवरण संकलन भइरहेको स्रोतले जनाएको छ।
त्यसैगरी पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो कार्यकालमा स्वकीय सचिव रहेकी गंगा दाहालको परिवारको सम्पत्तिमाथि पनि अनुसन्धान सुरु भएको छ। अख्तियारले गंगा दाहाल र उनका पति जीवन आचार्यको सम्पत्तिको एकसाथ अनुसन्धान अघि बढाएको स्रोतको भनाइ छ। आचार्य कोशी प्रदेशसभाका सदस्य तथा कोशी प्रदेश सरकारका पूर्वमन्त्रीसमेत हुनुहुन्छ।
सम्पत्ति अनुसन्धानका क्रममा परिवारका सदस्यसमेत अनुसन्धानको दायरामा आउने भएकाले उहाँको सम्पत्तिमाथि पनि छानबिन अघि बढाइएको अख्तियारसम्बद्ध स्रोतले जनाएको छ। गंगा दाहाल र आचार्यको सम्पत्तिको अनुसन्धान भानु देउवाको भन्दा केही अगाडि बढेको बताइएको छ। अनुसन्धानका क्रममा केही सम्पत्तिको स्रोत खुलाउन थप विवरण माग्ने तथा ताकेता गर्ने काम भइरहेको स्रोतले जनाएको छ।
यसअघि अख्तियारले पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्यको सम्पत्तिमाथि पनि अनुसन्धान सुरु गरिसकेको छ। बज्राचार्यलाई अख्तियारको टंगालस्थित कार्यालयमा बोलाएर सम्पत्ति विवरणसम्बन्धी १३ पाने फारम भराइएको थियो।

# विराटनगर जुट मिल पुनः संचालन गर्ने विज्ञसहितको कार्यदल गठन



**मधेशदृष्टि**
**काठमाडौँ।**
सरकारले विराटनगर जुट मिल पुनः सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गर्न विज्ञसहितको कार्यदल गठन गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको विभिन्न मन्त्रालयका सचिवहरूको बैठकले कार्यदल गठन गरेको हो।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। कार्यदलले विराटनगर जुट मिलका भौतिक संरचना, मेसिनरी, सम्पत्ति तथा दायित्वको वर्तमान अवस्था अध्ययन गर्नेछ। यसअघि मिल पुनः सञ्चालनका सम्बन्धमा भएका अध्ययन, निर्णय तथा विभिन्न निकायबाट गठन गरिएका कार्यदलका प्रतिवेदनसमेत समीक्षा गर्ने कार्यादेश कार्यदललाई दिइएको छ।
कार्यदलले जुट मिल पुनः सञ्चालनका सम्भावित विकल्प, आवश्यक रणनीति र कार्यान्वयन योजनासहितको प्रतिवेदन एक महिनाभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गर्नेछ। बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादव, अर्थ सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसहित सम्बन्धित मन्त्रालयका अधिकारी तथा सरोकारवालाहरू सहभागी थिए।
बैठकमा जुट मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विभिन्न विकल्पबारे छलफल भएको थियो।

# हिमपहिरोमा वेपत्ता भएका ५ जनाको शव भेटियो



**मधेशदृष्टि**
**दोलखा।**
दोलखाको गौरीशङ्कर गाउँपालिका–९ स्थित रोल्वालिङ क्षेत्रमा पर्ने यलुङ–री हिमालमा हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी बेपत्ता भएका ५ जनाको शव भेटिएको छ। भेटिएका शव गत वर्षको कात्तिक १७ गते यलुङ–री हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी बेपत्ता भएकाहरू भएको जिल्ला प्रहरी कार्यालय दोलखाका सूचना अधिकारी सन्तोषकुमार खड्काले जानकारी दिए। स्थानीयले पाँचवटा शव देखिएको जानकारी दिएपछि ड्रिम डेस्टिनेसनले शव सङ्कलन र पहिचानका लागि शुक्रबार यलुङ–री हिमाल क्षेत्रमा हेलिकोप्टर पठाएको थियो। तर, मौसम खराब भएका कारण सोमबार हेलिकोप्टर घटनास्थलसम्म पुगेर तीनवटा शव गोंगर भन्ने स्थानमा ल्याइसकेको र २ वटा शव लिन पुनः हेलिकोप्टर घटनास्थल गएको जिल्ला प्रहरी कार्यालय दोलखाका सूचना अधिकारी खड्काले जानकारी दिए।
हिमपहिरोमा परी फ्रान्सका मेनफेडी क्रिस्टिना एन्ड्रे, इटालीका पाउलो कोको र मार्कोस किरचिलर, जर्मनीका ज्याकोब इसरिवर तथा क्यानडाका मार्को डि मारसेलो गरी पाँच जना विदेशी नागरिक बेपत्ता भएका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन